आज मिति २०७७ साल जेठ १२ गतेका दिन बेंसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यू को अध्यक्षतामा कार्यपालिकाको ४२ औं बैठक बसी तपसिल बमोजिम – उपस्थितिमा तपसिल बमोजिम छलफल गरी निर्णयहरु गरियो ।

: उपस्थिति :

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उप प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३) वडाध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४) " " " २ श्री गणेश बहादुर कडेल (क्षत्री)
५) " " " ३ श्री सूर्य कुमार श्रेष्ठ
६) " " " ४ श्री लालवीर गुरुङ
७) " " " ५ श्री बम बहादुर गुरुङ
८) " " " ६ श्री भोज बहादुर रिमाल
९) " " " ७ श्री गोविन्द बहादुर बस्नेत
१०) " " " ८ श्री पवित्रा थापा मगर
११) " " " ९ श्री शरद कराल
१२) " " " १० श्री पूर्ण बहादुर थापा
१३) " " " ११ श्री अच्युत बाबु बगाले
१४) कार्यपालिका सदस्य श्री बिष्णु माया सुनार
१५) " " श्री मन्दिरा दर्लामी
१६) " " श्री देव बहादुर गहतराज
१७) " " श्री अजय मजाकोटी
१८) " " श्री मनमाया गुरुङ
१९) " " श्री दोर्जे बहादुर खवास
२०) " " श्री कृष्ण नेपाली
२१) " " श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी
सहभागी कर्मचारी
२३) कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४) अधिकृत श्री ईश्वर कमल श्रेष्ठ

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०२/३२ को बैठकका निर्णयहरु

## निर्णयहरु

**निर्णय नं. १: चालु आवको वर्षे नगरसभा (सातौं नगरसभा) सम्बन्धमा**

चालु आर्थिक वर्ष २०७७/०७८ को वर्षे नगरसभा (सातौं नगरसभा) मिति २०७७ असार ८ गते सोमबारका दिन विहान ११.०० बजे नगरपालिकाको बैठकहलमा बस्ने गरी बोलाउने निर्णय गरियो ।

**निर्णय नं. २ : आगामी आव २०७७/०७८को नीति तथा कार्यक्रम सम्बन्धमा**

आगामी आर्थिक वर्ष २०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रमको सम्बन्धमा यस बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रमको मस्यौदामा प्राप्त भएका सुझावहरुलाई समावेश गर्दै कार्यक्रम तथा बजेट तर्जुमा समितिमा समेत थप छलफल गरी मिति २०७७ असार ७ गते हुने कार्यपालिका बैठकमा प्रस्तुत/पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : लागत साझेदारीमा सडक कालोपत्रे तर्फका थप योजना सम्बन्धमा**

चालु आव २०७६।०७७ मा लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्यको लागि स्थानीय उपभोक्ताको माग वमोजिम चालु आव भित्रै सम्पन्न गर्ने गरी देहायका थप सडकहरुमा देहाय वमोजिमको रकम लागत साझेदारीमा सडक कालोपत्रे शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र. सं | सडक योजनाको नाम | ठेगाना | कुल ल.इ. | नगरपालिकाले व्यहोर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | विनायक पथ मोहन अधिकारी र सुमित्रा गुरुङको घरको विचबाट ठमेल मार्ग सडक कालोपत्रे | बेसीशहर ८ | १,००,६५७ | ६०,३९४ | |
| २ | तामाङ घेदुङ संघ जाने सडक कालोपत्रे | बेसीशहर ८ | १६,४८,०१८ | ९,८८,८११ | |
| ३ | नारायणस्थान पुछार भिंगेखोलादेखि भिंगेखोला हुँदै खानेपानी उपभोक्ता समितिको कार्यालय जाने सडक स्तरोन्नति | बेसीशहर ८ | ५,०१,७३५ | ३,०१,०४१ | |
| | जम्मा | | | १३,५०,२४६ | |

**निर्णय नं. ४ : कपुरेश्वर पार्कको बजेट शिर्षक सम्बन्धमा**

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७६।०७।२१ च.नं १२३ को प्राप्त पत्रानुसार (खर्च शिर्षक नं : ३११५९, खर्च शिर्षकको नाम : अन्य सार्वजनिक निर्माण, ब.उ.शि.नं : ३२५०११०/ पूँजीगत) पर्यटन पूर्वाधार विकास कार्यक्रमतर्फ यस बेसीशहर नगरपालिकालाई प्राप्त हुने २५ लाख बजेट मध्येबाट बेसीशहर नपा ८ स्थित कपुरेश्वर पार्क निर्माण तथा स्तरोन्नतिको लागि रु. २०,००,०००।- (बीस लाख) विनियोजन गरिएकोमा उक्त मन्त्रालयबाट पछि योजनाको नाम नै किटेर आउँदा अर्कै योजनामा विनियोजन भई फरक पर्न गएको हुँदा प्रक्रिया वमोजिम निर्माण कार्य गरिएको कपुरेश्वर पार्कलाई भौतिक पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०२/३२ को बैठकका निर्णयहरु

**निर्णय नं. ५ : सडक बोर्डतर्फको योजना सम्बन्धमा**

चालु आवमा सडक बोर्डबाट प्राप्त सडक मर्मत सम्भार कार्यको लागि स्वीकृत भएको रु रु ४५,००,०००।- (पैंतालीस लाख मात्र) बेसीशहर नपा ८ स्थित प्रगतिटोल पुछार देखि मर्स्याङ्दी नदी मोटरेवल पुल हुँदै १० नं वडा कार्यालयतर्फ जाने सडक स्तरोन्नतिको लागि विनियोजन गरिएकोमा सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन वमोजिम नगरपालिकाको तर्फबाट विनियोजन गर्नु पर्ने (३०%) १३ लाख ५० हजार मध्ये यस अघि रु १० लाख सोही सडकका निमित्त विनियोजन गरिएको हुँदा बाँकी रकम रु ३ लाख ५० हजार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : क्वारेन्टाइन सञ्चालन र बजेट सम्बन्धमा ।**

कोभिड-१९ संक्रमण रोकथामको लागि साविकमा सञ्चालित क्वारेन्टाइन अपुग भएको कारणले बेसीशहर नगरपालिका ७ स्थित मर्स्याङ्दी बहुमुखी क्याम्पसमा क्वारेन्टाइन स्थापना गरिएको विषयलाई समर्थन गर्दै उक्त स्थानमा सञ्चालन भएको क्वारेन्टाइनमा बेसीशहर नगरपालिका भित्रका र नगरपालिका भित्र व्यापार व्यवसाय गर्ने बाहिरबाट आएकालाई नगरपालिकाको खर्च व्यवस्थपनमा राख्ने साथै क्वारेन्टाइन सञ्चालनको लागि जिल्लास्तरीय क्वारेन्टाइन व्यवस्थापन समितिलाई रु ५,००,०००।- (पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : समृद्धिका लागि स्थानीय तहको भूमिका २०७७ कार्यक्रम सञ्चालन सम्बन्धमा**

लमजुङ दर्पण दैनिकले नगरपालिका र सवै वडाका वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुसंग अन्तरसम्वाद गरी बेसीशहर नगरपालिकामा चालु आर्थिक वर्षको हालसम्म भएका कार्य प्रगति र उपलब्धी बारेको समृद्धिका लागि स्थानीय तहको भूमिका- २०७७ कार्यक्रम साप्ताहिक रुपमा सञ्चालन गर्न प्रस्ताव पेश गरेको सन्दर्भमा उक्त प्रस्ताव वमोजिम कार्यक्रम सञ्चालनका लागि रु ७०,०००।-(सत्तरी हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : रेडीयो कक्षा सञ्चालन सम्बन्धमा**

रेडीयो लमजुङले कक्षा १० सम्मका विद्यार्थीहरुका लागि लक्षित गरी सञ्चालन गर्न प्रस्ताव पेश गरेको रेडीयो कार्यक्रमको लागि रु. ७२,०००।- (बहत्तर हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

नगरसभाबाट पारित देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|---|
| १ | बोहोराबेसी खानेपानी ट्याङ्की निर्माण बेनपा २ | २००००० | बोहोराबेसी खानेपानी पाइप खरीद बेनपा २ | २००००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०२/३२ को बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| २ | आँपचौर पासाचौर खानेपानी मर्मत बेनपा १० | ४००००० | पासाचौर चिसापानी खोला देखि बाँफाखेत चम्सीबगर सम्मको सडक स्तरोन्नति ( ग्राभेल समेत) बेनपा १० | ४००००० |
| ३ | वडा सञ्चालन खर्च बेनपा १० | ५००००० | सूर्यकलाको घरदेखि वडा कार्यालय राउत थोक सडक स्तरोन्नति बेनपा १० | १००००० |
| ४ | महिला तथा दलित आयमूलक सीपमूलक कार्यक्रम बेनपा ११<br>वडा कार्यालय व्यवस्थापन बेनपा ११ | ४०००००<br>२००००० | वडा कार्यालय भवन निर्माण बेनपा ११ | ६००००० |
| ५ | सुत्केरी स्याहार प्रोत्साहन एवम् ल्याव सामान खरीद तथा स्वयंसेवक खाजा खर्च बेनपा ११ | ४००००० | कार्यालय व्यवस्थापन<br>स्वयंसेविका खाचा खर्च<br>सुत्केरी प्रोत्साहन एवम् सुत्केरी स्याहार खर्च<br>ल्याव सामान खरीद | ७००००<br>७५०००<br>१५०००<br>२४०००० |
| ६ | फूलबारी बास्केटबल कोर्ट निर्माण बेनपा ८ | २००००० | शिक्षा कार्यालयको छेउबाट नाली निर्माण<br>झिंगेखोला कालिकामन्दिर निर्माण बेनपा ८ | १५००००<br>५०००० |

**निर्णय नं. १० : आगामी आवको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७।२।१८ च.नं १४६ को प्राप्त पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आव २०७७।०७८ को लागि रोजगारमूलक आयोजनाहरु छनौट गरी बार्षिक कार्यक्रममा समावेश गराई चालु आवको असार मसान्तभित्र सम्बन्धित मन्त्रालयमा पठाउनु पर्ने भएकोले सबै वडाहरुले निर्धारित समयमै योजना छनौट गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : घरनक्शा पास दस्तुरको जरिवाना सम्बन्धमा ।**

बेसीशहर नपा ७ स्थित शान्तिटोल आमा समुहको भवन निर्माण अघि घर नक्शा पास गर्ने सन्दर्भमा पटक पटक डिजाइन फेरिन गई घर ढलान भए पछि मात्र डिजाइन एकिन हुन पुगेको कारण नक्शा पासको कार्य सम्पन्न नभई घर बन्न पुगेको हुँदा जरिवाना मिनाहा गरी तोकिए वमोजिमको नक्शा पास दस्तुर लिई भवन सम्पन्न प्रमाणपत्र दिने निर्णय गरियो ।

**निर्णय नं. १२ :सडक कालोपत्रे लागत साझेदारीको भुक्तानी सम्बन्धमा ।**

लागत साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लागत सहभागीतामा आ.व.२०७५/०७६ मा वे.न.पा. ८ स्थित बुद्धमार्ग कालोपत्रे गर्ने योजना आ.व.२०७५/०७६ मा सम्पन्न हुन नसकी भएको कामको मूल्याङ्कन गरी भुक्तानी दिइएकोमा गत आ.व.को स्वीकृत कुल लागत अनुमानमा नबढ्ने गरी बाँकी काम ६०:४० को लागत साझेदारीमा गर्न उपभोक्ता समितिलाई निर्देशन दिने मिति २०७६।५।२४ को कार्यपालिका बैठकमा निर्णय गरिएकोमा उक्त निर्णयमा मूल्यांकन रकम रु. २४,४१,०००।- हुनुपर्नेमा भुक्तानी रकम रु. २४,४१,०००।- भएकोले रु. २४,४१,०००।- मूल्यांकन रकम मानी बाँकी कामको ६०% भुक्तानी दिने निर्णय गरियो ।